# खजुरा गाउँपालिका

## गाउँसभा अध्यक्ष श्री डम्बर बहादुर वि.क

## आ.व. २०८३।८४ को

# नीति तथा कार्यक्रम

गाउँकार्यपालिकाको कार्यालय

खजुरा, बाँके

१० असार, २०८३

# नीति तथा कार्यक्रम २०८३/८४

यस ऐतिहासिक खजुरा गाउँपालिका गाउँ सभाको १९ औं अधिवेशनमा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यू हरुमा हार्दिक अभिवादन ।

प्रारम्भमा यस खजुरा गाउँपालिकाको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा निकै हर्षित भएको छु। यस अवसरमा संघिय लोकतान्त्रीक गणतन्त्र स्थापना गर्न दश वर्षे जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति, थारु, दलित महिला लगायतका ऐतिहासिक आन्दोलनमा शहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात महान शहिहरु प्रति हार्दिक श्रदान्जली अपर्ण गर्दछु।वेपत्ता र घाइते अपाङ्ग योद्वाहरुप्रति उच्च सम्मान तथा परिवारजनमा गहिरो सहानुभुति प्रर्कट गर्दछु।साथै संघिय लोकतान्त्रीक गणतनत्रलाई सुद्बृढ गर्न र सुशासन कायम गर्न नयाँ पुस्ताले गरेको २०८२ भाद्र २३/२४ गतेको आन्दोलनमा शहिद हुनु भएका भाई बहिनीहरु प्रति हार्दिक श्रद्वाञ्जली अर्पण गर्दै घाइतहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।नेपाली राजनितिक क्रान्तिका नेतृत्वहरु र आम जनसमुदायहरु प्रति हार्दिक नमन तथा सम्मान व्क्त गर्दछु ।

संघीय लोकतान्त्रीक गणतन्त्रीक गणतन्त्रलाई विकास गर्दै समाजवादी दिशामा अघि बढने ऐतिहासिक कार्यभारलाई पुरा गर्न यस खजुरा गाउँपालिकालाई आत्मनिर्भर र विकसित तुल्याउन प्रशासनिक सेवा प्रवाह,आर्थिक विकास,भरपर्दो भौतिक पूर्वधार, गुणस्तर स्वास्थ्य, शिक्षा, उत्पादकमुलक व्यवसायीक कृषि,अर्थपुर्ण मानविय क्षमता विकास, सुशासन, सामाजिक न्याय, समानुपातिक समावेशि सहितको मौलिकहकहरुको प्रत्याभूति सहितको आवश्यकतालाई प्रतिवद्वतामा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ।

यस हाम्रो खजुरामा आफ्नै विशेषताको भौगोलीक तथा जैविक विविधता, जाति, भाषा, धार्मिक, साँस्कृतिक वेशभषा, परम्परागत सम्पदा रहेका छन जसको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन क्षेत्रको विकास गर्दै आत्मनिर्भर र रोजगारिको विकास गर्नुपर्दछ । कृषिलाई आधुनिकृत गर्दै कृषिमा आधारित घरेलु उद्योगको विकास गर्न, उद्यमशिल मानव प्रतिको विकास गर्दै आर्थिक विकासलाई निरन्तरता दिनुपर्दछ।हाम्रो पालिकामा भएका महत्वपूर्ण क्षेत्र शुसिल कोइराल क्यानसर अस्पताल, राष्ट्रिय पशु प्रजनन कार्यलय गौघाट, कपास विकासको केन्द्रिय कार्यलय, कृषि अनुसन्धान लगायतबाट समन्वय, सहकार्य र सेवा प्राप्त गरी खजुराका जनतालाई आत्मनिर्भर बनाउन पहल गर्नुपर्दछ ।खजुरा र खजुरेली जनताको विकास निमार्ण र आर्थिक विकासमा सहभागीता सुनिश्चित गर्न "हामी आफैं बनाउँ हाम्रो खजुरा, आत्मनिर्भर र समृद्व खजुरा"

भन्ने मूल नारा सहित प्रत्येक नागरिकले खजुरा निमार्णमा योगदान पुऱ्याउने जनमैत्रि निति अंगिकार गर्दछौ।

सभा सदस्य ज्यूहरु,

अव म यस गरिमामय सभामा आ.व. २०८३/८४ मा नीति तथा कार्यक्रम तयार गर्दा तय गरेका प्राथमिक लक्ष्य र उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- पालिकाले निमार्ण गरेको पंचवर्षे योजना, आवधिक योजना, सडक गुरुयोजना, मध्यकालिन खर्च संरचना तर्जुमा, संभाव्यता अध्ययन योजना लगायत योजनालाई आत्मसाथ गर्दै योजनावद्ध विकासको लक्ष्य हासिल गरिनेछ ।
- निर्माण गरिएका ऐन, कार्यविधि,निर्देशिकाको कार्यान्वयन गरि सुशासन तथा नितिगत भ्रष्टाचार र अनियमितताालाई अन्तय गर्दै उत्पादनशिल र रोजगारमूलक आर्थिक विकास गरि जनताको जीवनमा परिर्वतन ल्याइनेछ ।
- खजुराका विभिन्न भाषा, संस्कृती, परिकार, भेष भुषा धार्मिकस्थल जैविक तथा वातावरणीय पक्षको संरक्षण संवर्धन गर्दै पर्यटकीय क्षेत्रको रुपमा विकास गरि आर्थिक समृद्धिको बाटो तयार पारिनेछ ।
- महिला, बालबालिका,मधेसी, मुस्लीम दलित तथा अल्पसंख्यक र पछाडि परेका समुदायलाई आत्मनिर्भर,सामाजिक न्याय,रोजगारको बाटो तय गर्ने कार्यक्रम लागु गरिनेछ ।
- जनतालाई स्वास्थ्यमा पहुच र गुणस्तरीय शिक्षा प्रदान गरिनेछ।
- कृषि र पशु क्षेत्रलाई आधुनिकृत उत्पादन मूलक बनाई व्यवसायी करण गरिनेछ।
- राष्ट्रीय, अन्तराष्ट्रीय विभिन्न दातृनिकाय, संघ संस्था र निजी क्षेत्रसँग साझेदारी गरि खजुराको विकास र जनताको आर्थिक विकासमा टेवा पुर्याइनेछ।
- सूचना प्रविधि मार्फत जनतालाई छिटो छरितो सेवा प्रवाह गर्न र पारदर्शिता कायम गर्न पालिकाका सेवा क्षेत्रहरुमा डिजिटल प्रविधि प्रयोगमा ल्याइनेछ।

गाउँ सभाका सदस्य ज्यूहरु

अब म क्षेत्रगत निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चहान्छु ।

१. शिक्षा

- आधारभूत शिक्षा निःशुल्क र अनिवार्य गर्नुको साथै पालिकालाई पुर्ण साक्षर पालिका घोषणा गरिनेछ ।
- सामुदायिक सिकाई केन्द्रलाई सक्रिया बनाई अनौपचारिक तथा वैकल्पिक शैक्षिक कार्यक्रम लागु गरिनेछ।
- स्थानीय विषय हाम्रो खजुरा १ देखि ८ सम्म छपाई तथा वितरण गरिनेछ।
- विद्यालय सुधार योजना कार्यान्वयन गर्न गराउन एक मुष्ट अनुदान उपलब्ध गराइनेछ।
- बाल अधिकार सुनिश्चित गर्न अभिभावक विहिन बालबालिकाहरुलाई खजुरा बालसंरक्षण गृहमा आवासीय व्यवस्थापन तथा नि:शुल्क पठनपाठनको व्यवस्थापन गरिनेछ ।
- बालबिकास र प्रराम्भिक १-३ कक्षा न्यूनतम मापदण्ड बाहिरि र भित्री खेल सामाग्री सबै विद्यालयमा गरिनेछ।
- कक्षा ६ देखि १२ विपन्न लक्षित छात्रवृति उपलब्ध गराईनेछ।
- कक्षा १ देखि ५ सम्म दलित र छात्रालाई गैरआवासिय छात्रवृति र आपाङ्ता भएका बालबालिकालाई आवासयि छात्रवृति लाई उपलब्ध गराईनेछ।
- सहिद, द्वन्दपिडित, जेहेन्दार, मधेसी, मुस्लिम बालबालिकाहरुलाई छात्रवृत्ति र शैक्षिक समाग्री उपलब्ध गराईनेछ ।
- जहाँ विधार्थी त्यहाँ शिक्षक कार्यक्रम अन्तर्गत शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान विद्यार्थी संख्या,विषय र तह अनुसार दरबन्दी मिलान गरिनेछ।
- न्यून विद्यार्थी भएका विद्यालयहरुको तह घटाउने र समायोजन गर्ने कार्यलाई प्राथमिकता दिनेछ।
- सिकाई मैत्री वातावरण तयार गर्न टिनको छाना राहित विद्यालय निर्माण गरिनेछ।
- पढदै कमाउदै कार्यक्रम अन्तर्गत विद्यालयको जग्गामा आँप, लिचि, अम्वा लगाएतका फलफूलको विरुवा वृक्षरोपण गर्ने र च्याउ खेति,इनटर लगायतका सामाग्री उतपादन,तरकारी खेति आदिको कार्यक्रम संचालन गर्नलाई विद्यालयलाई अनुदान दिइनेछ।
- विभिन्न कारणले स्वीकृत दरबन्दी र अनुदानमा कार्यरत शिक्षक अनुपस्थित भएमा बढिमा एक सय दिन स्वयम सेवक परिचालन गरी सिकाई निरन्तरता र गुणस्तर अभिवृद्धि गर्न जोड दिइनेछ।
- संस्थागत विद्यालयहरुलाई सेवामुखि र गुणस्तर केन्द्रित गराउन अनुगमन,नियमन र प्रोहत्साहनको व्वयस्था गरिनेछ।

- सिकाइ सहजिकरण गर्न सूचना प्रविधिको प्रयोग गर्न सक्ने शिक्षकको क्षमता विकासमा जोड दिइनेछ।
- वोर्ड परिक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, अभिभावक र शिक्षकलाई प्रोत्साहन गरिनेछ।
- सरकारी तलव प्राप्त गर्ने जनप्रतिनिधि, शिक्षक, कर्मचारीहरुलाई छोरा छोरी सामुदायीक विद्यालयमा पठनपाठन गर्न आवश्यक कार्यक्रमहरु तय गरिनेछ ।
- बालशिक्षामा कार्यरत शिक्षक शिक्षिकाहरुलाई आधारभुत तालिम प्रदान गरिनेछ।
- विद्यालयमा अतिरिक्त क्रियाकलाप मार्फत बालबालिकाको प्रतिभा पहिचान र प्रस्फुटन पालिका स्तरमा मेयर रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गरिनेछ ।
- शैक्षिक सुशासन प्रवर्दनका लागि पालिकामा शैक्षिक कार्यक्रम गरिनेछ।
- अनौपचारिक तथा परम्परागत शिक्षा संचालन तथा व्यवस्थापन अनुदान दिइनेछ।
- आधारभूत सिकाई प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
- स्विकृत स्थानीय योजना कार्यान्वयन गरिनेछ।
- सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क प्याड वितरण गरिनेछ।
- सामुदायिक विद्यालय संचालन व्यवस्थापन अनुदान दिनेछ।
- बालबिकास देखि कक्षा ५ सम्मका बालबलिकालाई दिवा खाजा उपलब्ध गराइनेछ।
- शुन्य दरबन्दी भएका र धेरै विद्यार्थी भएका विद्यालय शिक्षण अनुदान र पालिका अनुदान उपलब्ध गराइनेछ।

२. युवा तथा खेलकुद

- खजुरा गाउँपालिकाको मुख्य खेलको रुपमा रहेको कबड्डी पालिका खेलको भौतिक पूर्वाधार र व्यवस्थापन गर्नको साथै खेलाडीलाई उत्साहित र उत्पादन गरिनेछ।
- खजुरा गोल्ड कपको दोस्रो संस्करणलाई अझै भव्य सभ्य र प्रभावकारी बनाउन जोड दिइनेछ।
- विशेष गरि कबड्डी, व्याडमिन्टन, जुडो, मार्सल आर्टस, चेस, साइक्लिङ्ग,भलिवल,फुटवल,कराँते र क्रिकेट लगाएतका खेलहरुलाई संचालन ल्याउन खेलकुद विकास समितिद्वारा पालिकामा रहेका क्लबहरु सँग समन्वय,सहयोग र सहकार्य गरि खेलाडी उत्पादनमा जोड दिइनेछ।
- राष्ट्रिय अन्तराष्ट्रिय ख्याती प्राप्त खेलाडीहरुलाई सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- खुल्ला जिम लगाएत खेलकुद पूर्वाधार निर्माणलाई निरन्तरता दिइनेछ।
- युवाहरुका लागि उद्यम र उद्यमशिलता सम्बन्धी क्षमता विकास गरि उद्योग संचालन र व्यवसस्थापन गर्न उतपेरित गरिनेछ।

- नमुना युवा संसद कार्यक्रम संचालन गरी युवाहरुलाई नीति तथा कार्यक्रम,बजेट निर्माण,विद्येयक निर्माण र योजना छनौटका चरणहरुको अभ्यास शैक्षिक कार्यक्रम रुपमा संचालन गरिनेछ।
- विभिन्न खेल सँग सम्बन्धित क्लबहरु विच प्रतिस्पर्धा गर्न पालिका र वडामा खेलको आयोजना गरी क्षमता विकास गराइनेछ।

३. स्वास्थ्य

- स्वास्थ्य सेवालाई प्रभावकारी र जनमैत्री बनाउदै स्वास्थ्यमा सहजपहुच कायम गरि गुणस्तर स्वास्थ सेवा प्रदान गरिनेछ।
- प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुलाई आबश्यक जनशक्ति, औषधि र स्वास्थ्य सामाग्री उपलब्ध गराई स्तरउन्नति गरिनेछ र स्वास्थ्य कर्मीहरुलाई पूनर्ताजगी तालिम र क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।
- गर्भवती महिलालाई निशुल्क स्वास्थ्य परिक्षण निरन्तरता दिइनेछ ।कुपोषण भएका गर्भवती आमा र बच्चाहरुलाई पोषण प्याकेज उपलब्ध गराइनेछ।
- अध्यक्षसंग जेष्ठ नागरिक कार्यक्रमलाई प्रभावकारी रुपमा निरन्तरता दिइनेछ। स्वास्थ्य संस्थाहरुमा असक्त र जेष्ठनागरिकलाई निशुल्क उपचारको व्यवस्था गरिनेछ।
- नसर्ने रोगको बारेमा समुदायीक र विद्यालयमा सचेतना कार्यक्रम लाई निरन्तरता दिइनेछ।
- विपन्न र दिर्घरोगीलाई आर्थिक सहायता उपलब्ध गराउनुको साथै वडाहरुमा निःशुल्क विशेष स्वास्थ्य शिविर संचालन गरिनेछन।
- निजी क्षेत्रका स्वास्थ्य संस्थाहरुलाई प्रभावकारी अनुगम गरि गुणस्तर कायम गरिनेछ।
- पूर्णखोप सुनिश्चिता गर्न बालबालिकाहरुलाई खोप लगाउन सम्पूर्ण व्यवस्थापन गरिनेछ।
- गर्भवती महिलाहरुलाई वहुक्षेत्रिय पोषण सम्बन्धी चेतनामूलक तालिम प्रदान गरिनेछ ।
- निर्माणधिन १५ शैयाको अस्पताललाई स्त्रीरोग तथा प्रजन्न विशेषज्ञ अस्पतालको रुपमा संचालनमा ल्याइनेछ।

४. भौतिक पूर्वधार

- भौतिक पूर्वधार निर्माण गर्दा आवाधिक योजना, मध्यकालीन खर्च संरचना, सडक गुरु योजना र वस्तीवाट छानिएर आएका योजनाहरुलाई प्राथमिकिकरण गरिनेछ। अपाङ्गमैत्री, बालमैत्री पुर्वधार निमार्ण गरिनेछ ।

- अधुरा योजनाहरुलाई कार्यान्वयन गरिनेछ भने मर्मत गर्नुपर्ने भौतिक पूर्वाधारहरुलाई मर्मत संभार कोषबाट संचालन ल्याइनेछ।
- विद्युत आवश्यक पर्ने स्थानमा विद्युत पुऱ्याउन पालिकाले विद्युत प्राधिकरण सँग समन्वय गरि कार्यसम्पादन गरिनेछ साथै वैकल्पीक उर्जालाई प्रोत्साहन गर्दै साझेदारी विद्युतिय चुलो वितरण गरिनेछ।
- सार्वजनिक निजी साझेदारी विकास कार्यक्रम संचालन गरिनेछ भने राष्ट्रिय, अन्तराष्ट्रिय दातृनिकाय, संघ संस्था सँग साझेदारी गरि पूर्वधारहरु निर्माणमा जोड दिइनेछ।

५. कृषि

- कृषि को सम्भाव्यता अध्ययन योजनालाई वडामा प्राथमिकीकरण रहेका वाली तथा तरकारी पकेट उत्पादन देखि वजारीकरण गर्ने कार्यक्रमलाई कार्यान्वयनमा ल्याईनेछ।
- कृषि क्षेत्रलाई प्रतिस्पर्धि र उत्पादन मूखी वनाउन कृषि सडक, विद्युतिकाण, सिचाई, हाट वजार, संकलन केन्द्र र प्रशोधन केन्द्र निर्माण र व्यवस्थापन गर्ने।
- कृषि उत्पादन IPM प्रविधिको प्रयोग द्वारा अर्गानिक तरकारी उत्पादन लाई प्राथमिकता दिदै IPM पाठशाला र सिकाई केन्द्र विस्तार गर्नु को साथै आवश्यक कृषि सामाग्री उपलब्ध गराइनेछ।
- पोषण वगैचा निर्माण कार्यक्रम वी-ग्रुप सँग सहकार्य गर्दै पोषण युक्त अर्गानिक तरकारी करेसावारी संचालनलाई निरन्तरता दिनुको साथै विस्तार गरिनेछ।
- खेति योग्य जमिन बाँझो राख्ने किसानलाई उत्पादन गर्न प्रोत्साहन गर्नुका साथै बाँझो राख्ने किसानको डाटा तयार गरि आवश्यक पहल गरिनेछ।
- गाउँ गाउँमा कृषक समुह वनाई परिचालन गरिनेछ।

६. पशु सेवा

- उत्पादनमा आधारित अनुदानको व्यवस्था गरी दुध, अण्डा, माछामा आत्मनिर्भर तथा व्यवसायिकरण र बजारीकरण गरिनेछ।
- पशुपंक्षी उत्पादनलाई प्रोत्साहन गर्न पशुपंक्षी सम्भाव्यता अध्ययन योजनालाई कार्यान्वयन गर्न पहल गरिनेछ।
- पशुपंक्षी फार्म तथा कृषकहरूलाई आवश्यक दाना तथा घाँसको विउ वितरण गरिनेछ।
- पशुनश्ल सुधारको लागि भइरहेको निःशुल्क कृत्रिम गर्भाधान सेवालाई निरन्तरता दिइनेछ।
- पशु शाखा र मातहतका सेवा केन्द्रहरूवाट अति आवश्यक र आकस्मिक प्रकृतिका आधारभुत औषधिहरू कृषकलाई निःशुल्क उपलव्ध गराउने व्यवस्था मिलाइनेछ।

- खजुरामा कृषकहरूले उत्पादन गरेका पशुहरूको खरिद विक्री तथा वजारीकरण गर्न पशु हाट वजार तथा उपयुक्त समयमा मेला आयोजना गरिनेछ।
- पशु स्वास्थ्य, पंक्षीहरूको स्वास्थ्य परिक्षण तथा उपचार शिविरहरूलाई निरन्तरता दिइनेछ।
- दुध उत्पादन गर्ने कृषक,कृषक समुह र विशेष गरि सहकारीलाई पनिर,छुर्पी बनाउने तालिमका साथै आवश्यक मेशनरी औजार उपलब्ध गराइनेछ।

७. सूचना प्रविधि

- गाउँपालिकावाट प्रवाह हुने सेवालाई सार्वजनिक सेवा प्रवाहलाई डिजिटल माध्यमबाट सरल, छिटो तथा पारदर्शी बनाउन निरन्तर योजना बनाइनेछ। यस अन्तर्गत डिजिटल हस्ताक्षरको प्रयोग गरि पेपरलेस कार्य सम्पादन अपनाइनेछ।
- कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि र साइबर सुरक्षाको लगायत नवीन प्रविधिको उपयोग सरकारी सेवा तथा विकास व्यवस्थापनमा गरिनेछ। डिजिटल नवप्रवर्तन तथा स्टार्टअप प्रवर्द्धन गरिनेछ।
- गाउँपालिकाबाट लिने राजस्व तथा सेवा शुल्क डिजिटल माध्यमबाट भुक्तानी गर्ने व्यवस्था विस्तार गरिनेछ।
- खजुरा गाउँपालिकाको वेबसाइट, डिजिटल अभिलेख तथा अनलाइन सेवा प्रणाली संघिय सरकार तथा प्रदेश सरकारको समन्वय तथा सहयोगमा स्तरीकरण गरिनेछ।
- खजुरा गाउँपालिकामा ICT पूर्वाधार विकास,आन्तरिक नेटवर्क,सूचना सुरक्षा व्यवस्थापन तथा नेटवर्क सुदृढीकरण गरिनेछ।
- डिजिटल साक्षरता, साइबर सुरक्षा, ई-गभर्नेन्स र सूचना प्रविधि सम्बन्धि जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा अन्य सरोकारवालालाई क्षमता विकास तालिम तथा कार्यक्रम व्यवस्था गरिनेछ।
- कृत्रिम बुद्धि आधारित च्याटबोट (AI Chabot)सेवा विकास मार्फत कार्यालयको कार्य व्यवस्थापनमा जोड दिननेछ।

८. सुशासन तथा सार्वजनिक सेवा प्रवाहः

- सेवा प्रवाह र प्रशासनिक कार्यलाई सहज बनाउन कार्यालय भवन, वडा कार्यालयहरु, स्वास्थ्यका कार्यालयहरु, समुदाय विद्यालयहरुलाई डिजिटल प्रविधियुक्त, वातावरण मैत्री, अपाङ्गता र बालमैत्री सँगै सौन्दर्यकरण गर्ने कुरालाई निरन्तरता दिइनेछ।

- पालिका र पालिका मातहतका सम्पूर्ण कार्यालयहरुमा गुनासो व्यवस्थापन गर्न, सुझाव संकलन गर्ने र जवाफदेहिता वहन गर्ने गुनासोपेटीका व्यवस्थापन गरिनेछ।
- अध्यक्ष र प्रमुख प्रशासकीय प्रमुख र शाखा प्रमुख सँग कार्यसम्पादन सम्झौता गरि दण्ड, पुरस्कारको व्यवस्थापन गरिनेछ।
- सेवा प्रवाहलाई छिटोछरितो र जनमुखी बनाउन स्थानीय तहका कर्मचारीहरूका लागि सेवाकालीन - तथा उत्प्रेरणामूलक तालिमको व्यवस्था गरिनेछ।
- कार्यालयमा डिजिटल नागरिक बडापत्र राखी कुन सेवाका लागि केके कागजात चाहिन्छ र क-ति समय लाग्छ भन्ने जानकारी दिने व्यवस्था मिलाईनेछ।

९. राजस्व र वित्तिय व्यवथापन

- सुत्र राजस्व प्रणाली (Sutra Revenue) लाई नियमित रूपमा अपडेट गरी कर्मचारीहरु बाट दैनिक रुपमा सम्पादन गरीने कार्यहरुलाई नतिजामुखि पारदर्शि छिटो छरितो र प्रभावकारी हुने गरी क्षमता अभिवृद्दि गरीनेछ ।
- गाउँपालिकाभित्र रहेका सम्पूर्ण व्यवसाय, उद्योग, कृषि फर्म, सेवा प्रदायक संस्था, घरबहाल, व्यावसायिक संरचना तथा कर योग्य सम्पत्तिको अभिलेखीकरण गर्दै करदाताको एकीकृत विवरण तयार गरिनेछ। साथै करको दायराबाहिर रहेका सम्भावित करदातालाई कर प्रणालीमा आबद्ध गर्दै कर प्रशासनलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाइनेछ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसाय तथा सेवा केन्द्रहरूको अनिवार्य दर्ता, नवीकरण तथा अभिलेखीकरण सुनिश्चित गर्दै दर्ता शिविर सञ्चालन गरी व्यवसायमैत्री वातावरण निर्माण गर्दै दर्ता प्रक्रियालाई सरल, प्रविधिमैत्री र नागरिकमैत्री बनाइनेछ।
- राजस्व संकलन प्रक्रियालाई पूर्ण रूपमा प्रविधिमैत्री बनाउँदै अनलाइन भुक्तानी, क्यूआर कोड, मोबाइल बैंकिङ Local Level Revenue Portal(LLRP) प्रणाली लागू गरिनेछ। यसबाट राजस्व चुहावट नियन्त्रण, पारदर्शिता अभिवृद्धि तथा सेवाग्राहीको समय र लागतमा कमी ल्याइनेछ।
- "मेरो कर—मेरो विकास" अभियान सञ्चालन गरी करदातामा कर प्रतिको सकारात्मक सोच विकास गरिनेछ। उत्कृष्ट करदातालाई सम्मान, प्रोत्साहन तथा सहजीकरण प्रदान गरिनेछ भने करसम्बन्धी जनचेतना कार्यक्रमलाई वडा तहसम्म विस्तार गरिनेछ।

१०. नागरिक आरोग्य सेवा

- नागरिक आरोग्य सेवा केन्द्रबाट आयुर्वेद स्वास्थ्य सेवा र समुदायमा जनचेतना फैलाई स्वस्थ जीवन जिउने पद्धतीको विकास गर्न आरोग्य सेवा केन्द्रलाई प्रभावकारी र सक्षम गराइनेछ।
- होटल व्यवसायी, गृहिणी र आमा समुहहरुलाई भान्सा सुधार कार्यक्रम संचालन गर्नुको साथै विद्यार्थी, अभिभावक, शिक्षकहरुलाई स्वस्थ जीवनशैली र नसर्ने रोगको बारेमा चेतनामुलक कार्यक्रम गरिनेछ।
- पूर्वकर्म, पञ्चकर्मलाई थप व्यवस्थित गरिनेछ।
- आयुर्वेद शाखाबाट हाल सम्म गरिएका उपलब्धीहरुलाई दस्तावेज गरि राखिनेछ।
- नसर्ने रोगहरुलाई न्युनिकरण गर्न विभिन्न क्रियाशिल योग समितिहरुसँग सहकार्य गर्दै, योग ध्यान, योग शिविर लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।

११. भुमि नीति तथा भुमिहीनको व्यवस्थापन

- गाउँपालिका भित्र रहेका ऐलानी पर्ती, सार्वजनिक जग्गा र सरकारी जमिन खोज तथा पहिचान गरि संरक्षण गर्ने नीतिलाई कार्यन्वयन गरिनेछ।
- जमिनको भूवर्गिकरणलाई कार्यान्वयन उपयोगी योजना तय गरिनेछ।
- राष्ट्रिय आवास कम्पनीको क्षेत्राधिकार भित्र रहेका जनताको जग्गा धनि प्रमाण पत्र उपलब्ध गराउन सार्थक पहल गरिनेछ।
- पालिका भित्र रहेका दलित सुकुम्बासी, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनि प्रमाण पत्र उपलब्ध गराउन बाँकी रहेका कामहरु प्रक्रिया अघि बढाई तिब्रतामा कार्य सम्पादन गरिनेछ।

१२. न्यायिक समिति

- किशोरी,महिला स्वयमसेविका, आमा समहुलाई न्यायीक समितिको भुमिका तथा कानुनका सम्बन्धमा अभिमुखिकरण गरिनेछ।
- न्यायिक समितिले कार्य सम्पादन गरेको कार्य प्रगतिको भिडियो डकुमेन्ट्री निर्माण वा कार्य प्रगतिलाई समेटेर सफलताको कथा, केश स्टडीसहितको बुकलेट प्रकाशन गरिनेछ। ।
- गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको प्रोफाइल निर्माण गरिनेछ।
- पालिकाले सामाजिक क्षेत्र महिला, बालबालिका, तथा अन्य क्षेत्रमा गरेको उदाहरणीय कार्यको भिडियो डकुमेन्ट्री निर्माण गरिनेछ।
- गाउँपालिकाको समग्र कार्य उपलब्धिलाई समेटेर स्मारिका प्रकाशन गरिनेछ।
- गाउँपालिकालाई पहिचान गराउनका लागि अडियो भिडियो सहितको गित निर्माण गरिनेछ।
- स्वास्थ्य क्षेत्रको सामाजिक परिक्षण कार्यविधि निर्माण गरिनेछ।

- खजुरा गाउँपालिकामा बनेका सम्पुर्ण कानूनहरुको संग्रह प्रकाशन गरिनेछ।
- न्यायीक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि डिजिटल कार्यशाला कार्यक्रम गरिनेछ।
- सूचनाको हक र मानवअधिकार सम्बन्धी तालिम संचालन गरिनेछ।
- न्यायिक समितिलाई कानून सम्बन्धी तालिम मुद्दा,विवाद फछ्यौंट, फैसला लेखन, कानूनी कागजी लेखन सम्बन्धी क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।
- मेलमिलापकर्ताहरुको क्षमता विकास तथा पूर्नताजकी कार्यक्रम संचालन गरिनेछ।

१३. वन तथा वातावरण र विपद व्यवसथापन

- समृद्धिका लागी वन परियोजनालाई प्रभावकारी कार्यन्वयन गरी वातावरण अनुकुल हरियाली खजुरा निर्माण गर्न निजी तथा सार्वजनिक वन विस्तार र संरक्षण गरिनेछ।
- वन तथा फलफूलको नर्सरी स्थापना गरी सामुदायिक वन लगाएत बाँकी रहेका जमिनहरु, विद्यालय, मठ मन्दिर मातहतमा संरक्षण गर्दै आयमुलक, जडिबुटी, फलफुल, बेसार उत्पादनमा विशेष पहल गरिनेछ।
- वन तथा वातावरण सँग सम्बन्धीत विभिन्न क्षेत्रमा क्षमता अभिवृद्धि तथा सचेतना कार्यक्रमहरु संचालन गरिनेछ।
- जलवायु परिवर्तन सग अनुकुलन रहि सुरछित र दिगो भबिस्य निमाण को लागि बाताबरण संरक्षण , अनुकुलन तथा स्थानीय बिपद तथा जलबायु उत्थानसिलता सम्बन्धी स्थनिय अनुकुलन कार्ययोजना तयार परि सो सम्बन्धी कार्यक्रम संचालन गरिनुको साथै गैरसरकारी ययम निजि क्षेत्र सङ समन्वय र सहकार्य को लागि पहल गरिनेछ ।
- प्राकृतिक स्रोत, हरियालि पार्क, खुलाा ठाँउ, वनस्पति तथा वन्यजन्तुको संरक्षण गर्दै वर्तमान र भावी पुस्ताका लागि स्वस्थ तथा सन्तुलित वातावरण सुनिश्चित गर्न स्वच्छ, हरित तथा वातावरणमैत्री समाज निर्माण, स्थानीय तथा रैथाने प्रजातिहरूको संरक्षण र प्रवर्द्धन, वृक्षारोपण तथा पुनःवनरोपण कार्यक्रम,जैविक विविधतामाथि पर्ने जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणका उपायहरू,सामुदायिक वन तथा स्थानीय समुदायको सहभागितामा संरक्षण कार्यक्रम ,जैविक विविधता संरक्षणसम्बन्धी अनुसन्धान, अध्ययन तथा अभिलेखीकरण,जैविक विविधता सम्बन्धी जनचेतना, शिक्षा तथा क्षमता अभिवृद्धि कार्यक्रम, गैर सरकारी, निजी तथा सामुदायिक क्षेत्रबीच समन्वय र सहकार्य गरिनेछ ।
- विपद् व्यवस्थापन प्रभावकारी बनाउन पूर्व सूचना प्रणालीलाई कार्यन्वयन गरिनेछ।
- विपद्को जोखिममा रहेका अति आवश्यक तथा विपन्न गरिबको घर विमा कार्यक्रम निरन्तरता दिइनेछ।
- विपद् व्यवस्थापनको लागी यूवा स्वंसेवकहरुलाई तालीमलाई निरन्तरता गरिनेछ।

- राहत र उद्धारको लागी अन्तरपालिका लगायत सम्बन्धीत निकाय, संघ संस्थाहरु सँग सहकार्य गरिनेछ।
- आगलागी, हावाहुरी, डुवान, भूकम्प र सडक दुर्घटना न्यूनिकरण गर्न सचेतना कार्यक्रम गरिनेछ।
- विपद्बाट हुने आर्थिक तथा भौतिक क्षति न्यूनीकरण गर्न विपद् बीमा, कृषि बीमा, पशु बीमा तथा अन्य जोखिम हस्तान्तरणका संयन्त्रहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका कार्यहरूमा निजी क्षेत्रसँग सहकार्य र साझेदारी सुदृढ गरिनेछ।
- विपद् व्यवस्थापन सम्बन्धी विद्यमान नीति, योजना तथा कार्यविधिहरूलाई समयानुकूल अद्यावधिक गर्दै स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) मार्फत एकीकृत योजना, बजेट तथा कार्यान्वयन प्रणाली विकास गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ।
- प्रकृतिमा आधारित समाधानको प्रवर्द्धन तथा समुदायमा आधारित पूर्वसूचना प्रणालीको स्थापना, विस्तार र सुदृढीकरणमार्फत जलवायु तथा विपद् जोखिम न्यूनीकरण गरिनेछ।
- विद्यालयको स्थानीय पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु समावेश गरी युवा तथा समुदायस्तरका स्वयंसेवकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम र विद्यालय तथा समुदायमा विपद् पूर्वाभ्यास सञ्चालन गरिनेछ।
- पालिका क्लस्टर संयन्त्रलाई प्रवर्द्धन गर्दै बाल—केन्द्रित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (DRRM) दृष्टिकोणलाई प्रवर्द्धन गरिनेछ

१४. संचार क्षेत्र

- सञ्चार, सूचना प्रवाह, प्रेस स्वतन्त्रता र नागरिक सहभागिता सुदृढ गर्ने विषयलाई प्राथमिकतामा राखिनेछ ।
- आगामी आर्थिक वर्ष भित्र 'खजुरा आमसञ्चार नीति' निर्माण गरिनेछ ।
- स्थानीय एफएम रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन सञ्चार माध्यमसँग सहकार्य गरी जनचेतनामूलक सामग्री (लोक कल्याणकारी विज्ञापन) प्रसारण/प्रकाशन गर्ने प्रबन्ध मिलाइनेछ ।
- सञ्चार माध्यमको संरक्षण र विकास तथा संचारकर्मीको क्षमता अभिवृद्धिका लागि प्रविधिमैत्री (डिजिटल) तालिम एवम् फिचर लेखन लगायत गतिविधि सहकार्यात्मक मोडेलमा सञ्चालन गरिनेछ ।
- स्थानीय सञ्चार माध्यममार्फत स्थानीय भाषा, कला, संस्कृति तथा सम्पदाको प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- तथ्यमा आधारित तथा जिम्मेवार पत्रकारितालाई प्रोत्साहन गरिनेछ ।

- पालिकाले पाँच वर्षमा गरेका कामहरुको गतिविधि र सेवाको विवरण सहितको पुस्तक प्रकाशन गरिनेछ।
- स्थानीय सरकारको तर्फबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको वातावरण कायम राखिनेछ।

१५. सामाजिक सुरक्षा तथा पञ्जिकरण

- विद्यालय, महिला समूह र महिला स्वास्थ्य स्वयंसेविका मार्फत टोल स्तरसम्म व्यक्तिगत घटना दर्ताको महत्त्वबारे कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रविधिको प्रयोग (Iris Eye detection) मार्फत सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप सुरक्षित र आधुनिक बनाउने।
- बैंकिङ प्रणाली र स्थानीय सहजीकरण समितिको समन्वयमा भत्ता वितरण कार्यलाई सहज बनाउने।
- जनप्रतिनिधि,स्थानीय पञ्जिकाधिकारी अन्य कर्मचारी तथा सरोकारवालाहरुका लागि व्यक्तिगत घटना दर्ता सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

१६. सामाजिक समावेशिकरण, लैङ्गिक समानता, सिमान्तकृत, लक्षित वर्ग

- अभिभावक बिहिन बालबालिकाको संरक्षण गर्न बालगृह संचालन भईसकेकोले त्यसको प्रभावकारी व्यवस्थापन र नियमनको व्यवस्थापन मिलाइनेछ।
- लैङ्गिक समानता तथा सामाजिक समाबेशिरणलाई प्रभावकारी रुपमा लैजान महिला संजाल तथा समूहहरु गठन र परिचालन गरिने छ।
- खजुरा कार्यक्षेत्र बनाइ कार्य गर्ने सम्पूर्ण गैर सरकारी संघ संस्थाहरुलाई चौमासीक प्रगति समिक्षा कार्यक्रम गरी नियमन गरिने छ।
- खजुरा गाउँपालिकालाई बालमैत्री पालिका निर्माण गर्न आवश्यक नीति, श्रोत साधनको व्यवस्था गरि सूचकहरु तयार गर्दै बालमैत्री वडा र बालमैत्री गाउँपालिका घोषणा गरिनेछ।
- बालअधिकार सम्बन्धी सन्धी १९८९ मा उल्लेख बाल अधिकारको सुनिश्चितताका लागि कानुनी पैरवी, क्षमता विकास, जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- बालक्लब संजाल, किशोरी संजालहरुको परिचालनलाई प्रभावकारी बनाउन उपयोगी सीप तालीम र क्षमता विकास तालीम संचालन गरिनेछ।
- स्थानीय शासन संचालन बालमैत्री बनाइनेछ।
- अभिभावक बिहिन बालबालिकाहरुलाई गाँस, वास, कपास, स्वास्थ्य, शिक्षाको व्यवस्था गरिनेछ।

- वेजिङ्ग घोषणा पत्रमा उल्लेख भएका १२ वटा प्रतिवद्धतालाई आत्मसाथ गर्दै सम्बोधन हुने गरि कार्यक्रम संचालन गरिनेछ।
- लैङ्गिक समानता र सामाजिक समावेशी विकासका लागि जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुलाई क्षमता विकास तालीम दिइनेछ।
- लैङ्गिक हिंसा विरुद्धको शून्य सहनशीलताको नीति बनाई कार्यक्रमहरु संचालन गरिनेछ।
- घरेलु हिंसा लैङ्गिकतामा आधारित हिंसा न्यूनिकरण गर्न वडाहरुमा निगरानी समितिलाई सक्रिय बनाइनेछ भने हिंसा पिडितलाई कानूनी सहायता, सहयोग कार्यक्रम संचालन गरिनेछ।
- विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था सँग समन्वय सहकार्य गरि लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचविखन र लागुऔषध दुर्व्यसनी नियन्त्रण गर्न विशेष कार्यक्रम बनाई लागू गरिनेछ।
- सामाजिक आर्थिक रुपले पछाडि पारिएका एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु हिंसा पिडित महिला र किशोरीहरुलाई मनोपरामर्श तालिम, सीपमुलक तालीम द्वारा शसक्तीकरण, पुनर्स्थापनाको विशेष कार्यक्रम गरिनेछ।
- लैङ्गिक हिंसाकोष, बालकोष लाई निरन्तरता दिइनेछ।
- आर्थिक रुपमा विपन्न आपाङ्गता भएका सामाजिक सुरक्षा भत्ता प्राप्त नगर्ने व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य बिमा गर्ने व्यवस्था मिलाइनेछ।
- बाल पोषण भत्ता सम्बन्धमा अभिभावकहरुलाई सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- महिला उद्यमीहरुको क्षमता विकास गर्न मागमा आधारित लक्षित कार्यक्रम संचालन गरिनेछ।
- आपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य क्षेत्रमा सहज पहुँच, आयआर्जनमा सहभागिता र आवश्यक सहयोग साधनको व्यवस्था गरिनेछ।
- महिला, बालबालिका, आपाङ्गता भएका व्यक्तिहरुको सबै क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरि समावेशी र समानुपातिक प्रतिनिधित्व कायम गरिनेछ।
- ज्येष्ठ नागरिकले समाज र राष्ट्रमा पुर्याएको योगदानको सम्मान गर्दै अन्तर पुस्ता सीप हस्तान्तरण, अन्तरपुस्ता सम्वाद र ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ।
- ज्येष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
- सूचनाको हक र मानवअधिकार सम्बन्धी तालिम।
- दलित, मधेसी, जनजाती, अल्पसंख्यक, सिमान्तकृत, द्वन्दपिडित सहिद वेपत्ता परिवार, महिला, यूवा, बालबालिका र ज्येष्ठ नागरिकहरुको मागमा आधारित तथा समुदायको सहभागीता मुलक लक्षित वर्गका कार्यक्रम संचालन गरिनेछ।

- जातीय र लिङ्गीय भेद भाव मुक्त समाज निर्माण गर्ने सचेतना कार्यक्रम संचालन गरिनेछ।
- लक्षित बर्गका समुदायका परम्परागत सिप कला, संस्कृति भाषा रहनसहन भेषभूषा र परिकारलाई संरक्षण गर्दै आय आर्जनमा रुपान्तरण गरि आर्थिक सवलीकरण गरिनेछ।

१७. खानेपानी तथा सरसफाई

- नागरिकहरुलाई स्वच्छ खानेपानीको पहुँच पुर्याउन खानेपानी आयोजनाहरुको पाईपलाइन विस्तार र धारा जडान कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- खानेपानी तथा सरसफाई सम्बन्धी खानेपानी उपभोक्ता समिति, टोल विकास संस्था, विद्यालयहरु र समुदाय स्तरमा जनचेतना तथा क्षमता विकास कार्यक्रम गरिनेछ ।
- पूर्ण सरसफाई उन्मुख पालीका बनाउने कार्यलाई तिव्र गतिमा कार्यन्वयन गरिनेछ ।
- खानेपानीको मर्मत संभार गरि संचालनमा ल्याउने कामलाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक शौचालय संचालन र व्यवस्थापन गरि सरसफाईलाई प्रभावकारी बनाइनेछ ।
- खानेपानी योजना सम्बन्धी कार्यक्रम संचालन खानेपानीको योजना मर्मत तथा निमाण ब्यस्थपन गरि नागरिकको को हक को लागि खानेपानी को परिक्षण गरिनेछ ।
- नागरिक लाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच पुर्याउने उदेश्य ले वास योजना अधवधिक गरि N WAsH - MIS प्रणालीमा आधावधिक गरिनेछ ।

१८. फोहोरमैला व्यवस्थापन

- फोहोरमैला व्यवस्थापन र सरसफाई सम्बन्धी समुदाय स्तरमा जनचेतना तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- तिव्र गतिमा शहरिकरण भइरहेकोले फोहोरमैलालाई दिगो व्यवस्थापन गर्न रिसाइक्लिङ्ग तथा प्रशोधन उद्योग संचालनमा ल्याउन पहल गरिनेछ ।
- प्रत्येक विद्यालय, सरकारी कार्यालयहरु र अति आवश्यक पर्ने सार्वजनिक स्थानमा फोहोर व्यवस्थापनको लागी संरचना निमार्ण (Waste Collection Chamber / Dustbin) गरी कुहिने र नकुहिने फोहोरको व्यवस्थापन गरिनेछ ।
- फोहोरलाई स्रोतमा रूपान्तरण गरी, स्वच्छ र हरित समाज निर्माण का लागि वातावरण संरक्षण, जनस्वास्थ्य सुधार तथा सफा र स्वच्छ बस्ती निर्माणका लागि फोहोरमैला संकलन, वर्गीकरण, पुनःप्रयोग, पुनर्चक्रण तथा सुरक्षित विसर्जन सम्बन्धी समुदाय, विद्यालय तथा संघसंस्थामार्फत सरसफाइ र फोहोर व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम गरिनुका े साथै गैर सरकारी, एम निजि क्षेत्र संग समन्यय र सहकार्य गरिनेछ ।

१९. सहकारी

- पालिका स्तरीय सहकारी सञ्जाल गठन गर्न पहल गर्नुका साथै सहकारी संस्थाहरुको एकिकरण गर्न प्रोत्साहन गरिनेछ ।
- सहकारीको उत्पादनको आधारमा स्तर उन्नति गर्न तालीम तथा क्षमता विकास गरिनेछ ।
- सहकारीबाट उत्पादन गरेका वस्तुहरुको बजारीकरण गर्ने उदेश्यले व्यवसाय प्रवर्द्धन तालिम संचालन गरिनेछ।
- सहकारीहरुको आर्थिक पारदर्शिता कायम गर्न सफ्टवेयर तालिम तथा डिजिटल प्रविधिको तालिम संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सहकारी संस्थाहरुको अनुगमन, नियमन, संस्थागत सुशासन कायम तथा सहकारी शिक्षा र नेतृत्व विकास गर्न कार्यक्रम संचालन गरिनेछ ।

२०. संस्कृति तथा पर्यटन

- स्थानीय भाषा, संस्कृति, भेष भुषा, परिकारलाई संरक्षण प्रवर्द्धन गर्दै सामुदायीक, धार्मिक, सांस्कृतिक पर्यटकीय क्षेत्र निर्माण गरी आर्थिक विकास गरिनेछ ।
- पुरातत्व सम्पदाको सुचिकृत गरिनुको साथै मठ मन्दिर, मस्जीद, चर्च, गुम्बा, तालतलैया, खोला नाला, वन क्षेत्रको संरक्षण तथा पूर्वाधार निर्माण गरी आकर्षक र सौन्दर्यकरण गरिनेछ ।
- शहिद पार्कलाई संचालनमा ल्याउनुको साथै पशु प्रजन्न(भैसीफार्म), गौघाट, गुराँसपुर सामुदायिक वन, बाबाधाम मन्दिरलाई एकिकृत पर्यटन क्षेत्रको विकासलाई परिणाममुखी बनाइनेछ ।
- अन्तर विद्यालय प्रतिभा खोजी र घोषणा कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- भाषा, साहित्य, संस्कृति सम्बन्धी तालीम तथा अन्तर तीनै तहका सरकार संग राष्ट्रिय स्तरका प्रदर्शनी, मेला, सम्मेलन, गोष्ठी सभा गर्नुको साथै साहित्य पुरस्कार प्रदान गरिनेछ ।

२१. उद्योग व्यापार, घरेलु तथा साना उद्योग

- लघु उद्यम विकास तथा व्यवसायिक योजना संचालन तालीम संचालन गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्किएका युवाहरुको सीप र दक्षताको आधारमा लघु घरेलु तथा साना उद्योग संचालनको लागी आवश्यक वातावरण तयार गरी सहयोग पुर्याइनेछ ।
- महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुलाई बजारीकरण गर्न कोसेली घर संचालनमा ल्याउन सहकार्य गरि स्थानीय पहिचानको उत्पादनमा जोड दिइनेछ ।

- उद्योग तथा व्यापार मैत्री पूर्वाधार निर्माण सहित पालिका क्षेत्रमा लगानीकर्तालाई आकर्षण गर्न सार्थक पहल गरिनेछ।
- गाउँपालिकाभित्र उपलब्ध स्थानीय स्रोत, साधन, कच्चा पदार्थ तथा परम्परागत ज्ञानमा आधारित लघु, घरेलु तथा साना उद्योगको स्थापना, विस्तार र प्रवर्द्धन गरिनेछ।
- "एक वडा एक उत्पादन" अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी स्थानीय उत्पादनको व्यवसायीकरणमा जोड दिइनेछ।
- उद्यमशीलता विकास, व्यवसाय विस्तार तथा स्वरोजगार प्रवर्द्धनका माध्यमबाट स्थानीय स्तरमा रोजगारी सिर्जना गरिनेछ।
- महिला, युवा, दलित, जनजाति, विपन्न तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई उद्यमशीलतामा आबद्ध गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- लघु उद्यमीहरूद्वारा उत्पादित वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि, ब्राण्डिङ, लेबलिङ, प्याकेजिङ तथा बजार प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ।
- उद्योग तथा व्यापार क्षेत्रको तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा व्यवसाय दर्ता प्रक्रियालाई व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ।
- स्थानीय उत्पादनको बजारीकरणका लागि निजी क्षेत्र, सहकारी संस्था तथा सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।
- औद्योगिक तथा व्यापारिक वातावरणलाई सहज, लगानीमैत्री र प्रतिस्पर्धी बनाउन आवश्यक नीतिगत तथा संस्थागत सुधार गरिनेछ।

## २२. गरिबी निवारण तथा रोजगार

- गरिब तथा विपन्न परिवार, युवा, युवती र विदेशबाट फर्केकाहरूलाई मागमा आधारित क्षमता विकास र सीपमुलक तालिम प्रदान गरि आत्मनिर्भर र स्वरोजगार बनाउन दक्ष जनशक्ति तयार गरिनेछ।
- वैदेशिक रोजगारमा जाने युवा, युवतीहरूलाई सीपमूलक तालिम निशुल्क रूपमा सिकाउने व्यवस्था गरिनेछ।
- कृषिजन्य र पशुपालन गर्न प्रोत्साहन गरी आवश्यक सहयोग गरि रोजगार बनाउन सार्थक र परिणाम मुखी काम गरिनेछ।
- वैदेशिक रोजगारको लागी श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको सहजिकरण सेवालाई वडा स्तरमा विस्तार गरिनेछ।
- बेरोजगार व्यक्तिहरूको विवरण संकलन र सुचिकरणलाई थप व्यवस्थित र सम्बन्धित सुचना सरलिकरण गरिनेछ।

- वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान गरिने उद्धार तथा खोज, तलास, उपचार सहयोग, छात्रवृत्ती आदी कार्यमा सहजिकरण सेवा FEWIMS प्रणालीलाई वडा स्तरमा विस्तार गरिनेछ।
- वैदेशिक रोजगारका कारण सिर्जना भएको मनोसामाजिक समस्यालाई न्युनिकरण गर्न मनोसामाजिक परामर्श कर्मचारी मार्फत समुदायस्तरमा मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ।
- वैदेशिक रोजगारमा रहेका व्यक्तिका परिवार र अन्य आवश्यक परिवारलाई लगानी तथा व्यवसायीक काममा आकर्षित गर्न वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ।

## २३. गैर सरकारी संस्था

- गैर सरकारी संस्थाको दर्ता, नविकरण तथा सूचिकृत खारेजी तथा नियमन कार्यलाई व्यवस्थित गरिनेछ।
- संघ संस्थाहरूबाट प्रस्तावित बजेट तथा कार्यक्रम गाउँसभाले अनुमोदन गरि विकास निर्माण र जनहितमा सहयोग पुर्‍याउने कार्यक्रम संचालन गर्न अनुमति दिइनेछ।
- दातृ निकाय एवं गैर सरकारी संघ संस्थाहरूसँग मानविय विकास, भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, कृषि, पशु, खानेपानी, विपद् व्यवस्थापन क्षेत्रमा सहभागीता, सहकार्य र सहयोगको वातावरण सिर्जना गरिनेछ।

## २४. समन्वय तथा सहकार्य

- विभिन्न दातृ निकाय, गैर सरकारी संस्थाहरूसँग साझेदारी वा समन्वय गरिनेछ।
- पालिकाका आवश्यक सवालहरूमा अन्तर पालिका, अन्तर जिल्ला, प्रदेश र संघिय सरकारसँग समन्वय गरिनेछ।
- विभिन्न निजी क्षेत्रका लगानीकर्ताहरूसँग आवश्यकताका आधारमा समन्वय र सहकार्य गरिनेछ।
- सरकारका काम र सेवा प्रवाहलाई सरल र शुलभ बनाउन संचारजगत सँग समन्वय र सहकार्य गरिनेछ।

अन्त्यमा,

“हामी आफै बनाउ हाम्रो खजुरा ,आत्मनिर्भर र समृद्ध खजुरा” को नारालाई पुरा गर्न निर्मित पञ्चवर्षे योजना,आवधिक योजना,मध्यकालीन खर्च संरचना योजना र जनताको स्तरबाट आएको योजनाहरुलाई प्राथमिकिकरण गर्दै बहुर्षिय योजना कार्यान्वयन निरन्तरता दिने कुरालाई ध्यानमा राखी चौतर्फी रुपमा खजुराको विकासलाई गति दिन वार्षिक कार्यक्रमलाई नीति तथा कार्यक्रमको रुपमा तय गरिएको छ। नीति तथा कार्यक्रमको उद्देश्य लक्ष्य प्राप्तिको लागि कार्यान्वयन गर्न आ.व. २०८३।८४ को नीति तथा कार्यक्रममा आधारित बजेटको विनियोजन गरिनेछ। नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनमा सम्पूर्ण खजुरा वासी जनसमुदायको सक्रिय भूमिका तथा पूर्ण सहयोगको अपेक्षा गरेको छु। यस नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा सुझाव,सल्लाह र सहयोग गर्नुहुने राजनितिक दलका प्रमुख ज्यूहरु एवं प्रतिनिधिज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, बुद्विजिवी, शिक्षक, स्थानीय उद्योगी व्यपारी,विभिन्न संघ संस्था,सहकारी,विषयगत समितिका पदाधिकारीहरुज्यू, राष्ट्रसेवक कर्मचारीहरु,पत्रकार लगाएत सम्पूर्ण खजुरा वासी समुदायहरुमा हार्दिक आभार सहित धन्यवाद दिन चाहन्छु। गाउँपालिकाले निर्वाह गर्नुपर्ने भूमिका र उत्तरदायित्व परा गर्ने सहयोग गर्ने गाउँपालिकाका जनप्रतिनिधिहरु तथा सम्पुर्ण पालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद

अध्यक्षः डम्बर बहादुर बि.क.

मितिः२०८३।०३।१०